सिमकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

# शिक्षा युवा तथा खेलकुद शाखा

सिमकोट, हुम्ला

कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः २०७९।०८०

च.न.

मितिः२०७९।०९।०५

**विषयःकार्यक्रमको प्रस्तावना आह्वान सम्बन्धी सूचना।**

श्री सामुदायिक विद्यालयहरु सबै

सिमकोट गाउँपालिका सिमकोट ,हुम्मा

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०७९।०८० मा यस सिमकोट गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अन्तर्गत तपसिल बमोजिमका कार्यक्रम कार्यान्वयन प्रयोजनका लागि सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० बमोजिम हुने गरी देहाय बमोजिमका आधारहरुमा रही प्रस्ताव पेस गर्नुहुन अनुरोध छ।

(ममता महत )

नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | रकम | प्रस्ताव पेस गर्ने आधारहरु | प्रस्ताव पेस गर्ने विद्यालयको प्रकार | कोटा |
|---|---|---|---|---|---|
| १ | पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६ लाख ५० हजार | विद्यालयमा कार्यक्रम अत्यावश्यक रहेको तथा पुस्तकालय व्यवस्थापनको खाका सहितको प्रस्ताव पेस गर्ने। | आधारभूत तह (१-८) तथा माध्यमिक विद्यालय | २ |
| २ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६ लाख ५० हजार | नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ को व्यवस्था बमोजिम विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने सुनिश्चितता सहितको प्रस्ताव पेस गर्ने। | आधारभूत तह (१-८) तथा माध्यमिक विद्यालय | २ |
| ३ | कार्यसम्पादनमा आधारित अनुदान | ५० हजार | विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्यसम्पादन मूल्याङकन सूचकका आधारमा प्रस्ताव पेस गर्ने। | सम्पूर्ण विद्यालय | १५ |

## आधारहरु

- प्रस्ताव पेस गर्दा यस प्रकारका अनुदान स्थानीय तहमा वित्तीय हस्तान्तरण भएपछि नलिएको सुनिश्चित हुनुपर्ने छ।
- विद्यालय व्यवस्थापन समितिको कार्यक्रम माग गर्ने सम्बन्धी निर्णय अनिवार्य रुपमा समावेश भएको हुनुपर्ने छ।
- प्रस्तावमा विद्यालयका सम्पूर्ण शैक्षिक,भौतिक तथा विद्यार्थी विवरण अनिवार्य समावेश भएको हुनुपर्ने छ।
- कार्यसम्पादनमा आधारित अनुदानको लागि शिक्षण सिकाई समयापन सम्बन्धी कार्यविधि लागु गरेको सुनिश्चितता भएको हुनुपर्ने छ।